# स्थानीय राजपत्र

यशोधरा गाउँपालिकाद्धारा प्रकाशित

खण्डः ८)        संख्याः ३    मिति : फाल्गुन ४ गते २०८१


भाग : २

यशोधरा गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम यशोधरा गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# यशोधरा गाउँपालिका

## नमुना विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

प्रस्तावनाः

माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहले व्यवस्थित गर्ने संविधान प्रदत्त अधिकारलाइ संरक्षित गर्दै **यशोधरा** गाउँपालिकामा विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिमा नेतृत्वदायी भुमिका खेल्न सक्ने नमुना विद्यालयको आवश्यकता देखिएकाले "एक वडा, एक नमुना" विद्यालयको नितिअनुसार नमुना विद्यालय संचालन तथा व्यवस्थापन गर्न स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि जारी गरिएको छ

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(क) यो कार्यविधिको नाम '**यशोधरा गाउँपालिका** नमुना विद्यालय संचालन तथा 'व्यवस्थापन कार्यविधि २०८१' हुनेछ ।

(ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

(ग) यो कार्यविधि नमुना विद्यालय छनौट गर्न र नमुना विद्यालयको रुपमा छनौट भएका सामुदायिक विद्यालयको हकमा लागु हुनेछ ।

**२. परिभाषा**

(क) ''नमुना विद्यालय''भन्नाले **यशोधरा गाउँपालिका** अन्तरगत 'एक वडा एक नमूना बिद्यालय' को रुपमा छनौट भएको आभारभूत बिद्यालय लाई जनाउँछ ।

(ख) ''अंग्रेजी भाषा''भन्नाले यस गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूमा अंग्रेजी माध्यमबाट पठन पाठन शुरु भएका विद्यालयहरूलाई जनाउनेछ ।

(ग) ''स्थानीय तह''भन्नाले नेपालको संविधान बमोजिम गठित यशोधरा गाउँपालिकालाई जनाउनेछ ।

ग ) "वडा "भन्नाले यशोधरा गाउँपालिका अन्तरगतका वडालाइ सम्झन्नु पर्छ ।

(घ) ''व्यवस्थापन समिति''भन्नाले प्रचलित कानून अनुसार गठन भएको सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिलाई जनाउनेछ ।

(ङ) ''शिक्षक''भन्नाले सामुदायिक विद्यालयमा नियुक्ति गरिएको सबै शिक्षकलाई समेत जनाउनेछ ।

(च) ''कर्मचारी''भन्नाले सामुदायिक बिद्यालय मा कार्यरत **कर्मचारीलाई जनाउनेछ**

परिच्छेद-२

उद्देश्य

३. यस कार्यविधिका उद्धेश्य देहाय बमोजिम रहनेछ :

(क) बालबालिकाहरुलाई स्वच्छ, सहज ,भयरहित तथा मर्यादित वातावरण तयार गरी पृथककरण कक्षा संचालन गर्ने

ख) नेपाली र अंग्रेजी दुवै माध्यम बाट बिद्यालय संचालन गर्ने तथा स्थानीय तहको भाषाको रुपमा अवधि मातृभाषा रहेकोले सो भाषालाई समेत पठन पाठनमा समावेश गर्ने ।

ग) बिद्यालय मा आधुनिक सुचना प्रबिधि(Modern ICT) को विकास गरी प्रबिधि मैत्री शिक्षण(स्मार्ट बोर्ड,मल्टिमिडिया ,प्रोजेक्टर आदिको माध्यमबाट ) सिकाई संचालन गर्ने

घ )गाउँपालिका द्वारा प्रदान गरिएको योजना तथा कार्यक्रमलाई पारदर्शी रुपमा यस कार्यविधि बमोजिम खर्च गर्ने गराउने

ङ)अंग्रेजी भाषा प्रोत्साहन कार्यक्रम  को लागि आधार तयार गरी त्यसको प्रभावकारिता मुल्यांकन गर्ने

च )पूर्ण रुपमा बालमैत्री बिद्यालय प्रारूप को अधारमा शिक्षण सिकाई क्रियाकलाप संचालन गर्ने

छ) कमजोर बिद्यार्थी को लागि अतिरिक्त कक्षा तथा अन्य सबै बिद्यार्थीहरु को लागि अनिवार्य कम्प्युटर कक्षा संचालन गर्ने

ज) वडामा एक प्रतिनिधिमुलक र सुविधा सम्पन्न नमुना विद्यालय संचालन गरी समग्र शैक्षिक क्षेत्रको सुधार गर्ने ।

झ) कक्षा ६ देखि ८ सम्ममा पठन पाठन गरि रहेका विद्यार्थीहरु मध्ये छात्र तथा छात्राहरुलाइ छुटा छुट्टै कक्षा कोठाको व्यवस्थापन गर्ने ।

## परिच्छेद-३

## नमुना विद्यालयको सुपरवेक्षण तथा संक्षरण समितिको काम कर्तव्य र अधिकार

४. नमुना विद्यालय सुपरवेक्षण तथा संक्षरण  गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) वडाध्यक्ष - संयोजक

(ख) शिक्षा शाखा प्रमुख  - सदस्य

(ग)- वडा अध्यक्षले तोकेको एक जना वडा सदस्य   सदस्य

(ङ) वडा अध्यक्षले तोकेको एक जना शिक्षा विज्ञ  - सदस्य

छ ) वडा सचिव   - सदस्य सचिव

आवश्यकता अनुसार वैठकमा अन्य विशेष व्यक्तिलाइ  आमन्त्रण गर्न सकिनेः-

(क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र बैठक सम्बन्धि कार्यबिधि आफैं व्यबस्थित गर्नेछ ।

**४.१. नमुना विद्यालय सुपरवेक्षण तथा संक्षरण समितिको काम कर्तव्य अधिकार :-**

(क) वडा  भित्र संचालनमा रहेका सामुदायिक विद्यालयहरूबाट अनुसूची-१ बमोजिम सूचना प्रकाशन गरी नमुना विद्यालय विकासका लागि विद्यालय छनौट गर्ने,

(ख) नमुना विद्यालय विकासका  लागि स्थानीय तहभित्र क्रियाशील सरकारी तथा गैर सरकारी संघ संस्थाहरूसँग समन्वय गर्ने,

(ग) यस कार्यविधि अनुसार तयार गरिएका मापदण्डका आधारमा मूल्याङ्कन गरी प्रोत्साहन गर्ने,

(घ) नमुना विद्यालय संचालन तथा व्यवस्थापनको लागि तोकिएका मापदण्ड बमोजिमका आवश्यक भौतिक तथा शैक्षिक पुर्वाधार विकासका लागि कार्यक्रमगत अनदुानको व्यवस्था गर्ने

(ङ)   गुणात्मक शिक्षा विकासको लागि विद्यालयको सुपरिवेक्षण अनुगमन गरी आवश्यक राय, सुझाव तथा निर्देशन दिने ।

च) विद्यालय व्यवस्थापन समितिले सम्पादन गर्ने काम कार्यवाहीको विषयमा अनुगमन, निरिक्षण तथा पृष्ठपोषण दिने ।

छ) विद्यालय व्यवस्थापन समितिबाट कार्यसम्पादन गर्दा भएको कमी कमजोरीको विषयमा सचेत गराउने तथा सचेत गराउदा विद्यालय व्यवस्थापन समितिले अमल नगरेमा कार्यवाही समेत गर्ने ।

ज) नमुना विद्यालय निर्माणको क्रममा अपुग हुने रकम गाउँपालिका तथा सम्बन्धित निकायबाट मागका लागि पहल गर्ने ।

झ) प्रत्येक आर्थिक बर्षको पहिलो महिनामा नमुना विद्यालय संचालनका लागि कार्य योजना तयार गर्ने ।

## परिच्छेद-४

## नमुना विद्यालय व्यवस्थापन, संचालन तथा कार्यान्वयन समितिको व्यवस्था र काम कर्तव्य र अधिकार

५. **विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धि व्यवस्था** : प्रचलित कानुन अनुसार गठन हुने सामुदायिक विद्यालय व्यवस्थापन समिति अनुसार एक व्यवस्थापन, संचालन तथा कार्यान्वयन समिति रहने छ ।

५.१. **विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

**क)** प्रचलित कानुनले विद्यालय व्यवस्थापन समितिलाइ दिइएको काम, कर्तव्य र अधिकार बमोजिम कार्य संचालन गर्ने ।

(ख) नमुना बिद्यालयमा शिक्षण गर्ने शिक्षकहरुको कामको मुल्यांकन गरी महिनाको अधारमा उचित Incentive को व्यवस्था गर्ने

(ग ) नमुना बिद्यालयमा शिक्षण गर्ने शिक्षकको करार सम्झौता प्रत्येक आर्थिक बर्षको पहिलो महिना भित्र गर्ने प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समिति सँग र अन्य शिक्षकको हकमा प्रधानाध्यापक सँग करार सम्झौता गर्ने गराउने ।

(घ) नमुना विद्यालय सुपरवेक्षण तथा संक्षरण समितिले दिइएको सुझाव, निर्देशन तथा पृषठपोषणको पूर्ण पालना गर्ने ।

ङ) प्रत्येक महिनाको अन्तिममा अभिभावक भेला गर्ने र प्राप्त सुझाव तथा सल्लाहको पूर्ण कार्यान्वयन गर्ने ।

च) नमुना विद्यालय सुपरवेक्षण तथा संक्षरण समितिले उपलब्ध गराएको कार्ययोजना तदारुक्ताका साथ कार्यन्वयन गर्ने ।

छ) नमुना विद्यालयमा शिक्षण गर्ने शिक्षकहरुका लागि समय समयमा क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न व्यवस्था मिलाउने ।

ज) विद्यालयको शैक्षिक गुणास्तर सुधार गर्न विद्यालयमा विद्यार्थी अनुपातका आधारमा विषय अनुसार शिक्षकको व्यवस्थापन गर्ने ।

(ज ) अंग्रेजी माध्यममा कक्षा संचालन गर्ने दक्ष ,अनुभवी अंग्रेजी शिक्षक नियुक्तिको लागि आवश्यकव्यवस्था गर्ने ।

(झ) नमुना विद्यालय संचालन गर्दा संचालन तथा व्यवस्थापनमा अपुग रकम भए विद्यालयका अभिभावकको सहमतिमा विद्यालय संचालन

सहयोग वापत नमुना विद्यालयको सुपरवेक्षण तथा संक्षरण समितिको समन्वयमा शुल्क लिन व्यवस्था मिलाउने ।

## परिच्छेद-५

## नमुना विद्यालय विकासका लागि आधार तथा शर्तहरू

६. नमुना विद्यालय विकासका लागि आधार तथा शर्तहरू देहाय बमोजिम हुनेछन्: -

(क) नेपाल सरकारबाट अनुमति तथा स्वीकृति प्राप्त सामुदायिक विद्यालय हुनु पर्नेछ ।

(ख) विद्यालय रहेको क्षेत्रको भौगोलिक बनावट, रहनसहन, जनघनत्व, सामाजिक संरचनाअनुसार प्रति कक्षा उपयुक्त विद्यार्थी संख्या हनुपर्नेछ ।

(ग) विद्यालयको भौतिक पूर्वाधार सुधार गर्न उपयुक्त र आफ्नै जग्गा, भवन हनुपर्नेछ ।

(घ) शिक्षा ऐन, नियम अनुसार विद्यालय व्यवस्थापन समिति गठन भई क्रियाशील रहनु पर्नेछ ।

(ङ) विद्यालय, अभिभावक, शिक्षक, विद्यार्थी बिच सम्बन्ध स्थापित गर्न शिक्षक अभिभावक संघ प्रचलितअनुसार गठन भएको हुनु पर्नेछ ।

(च) आर्थिक पारदर्शिताको लागि सामाजिक लेखा परीक्षण तथा वार्षिक लेखा परीक्षण तोकिएको समयमा सम्पन्न गरेको हुनुपर्नेछ ।

(ज) विद्यालयको शैक्षिक, भौतिक, आर्थिक विवरणहरू खुल्ने तथ्याङ्कहरू समयमै तयार गरी पेश गरेका हुनुपर्नेछ ।

(झ) नमुना विद्यालय विकास गर्न विद्यालय व्यवस्थापन समितिद्वारा कार्यविधिमा तोकिए अनुसार काम गर्न प्रतिबद्धता तथा सम्बन्धित वडाको विद्यालय विकास र संचालनमा आवश्यक सहयोग र समन्वय

गर्ने प्रतिबद्धता सहितको सिफारिस समेत आवेदन साथ पेश गर्नु पर्नेछ
।

७. **नमुना विद्यालय विकासका लागि छनौटका प्रक्रियाः**- नमुना विद्यालय विकासका लागि देहाय बमोजिमका छनौट प्रक्रिया अपनाइनेछ ।

(क) वडाले इच्छुक विद्यालयहरूबाट आवेदन लिनको लागि ७ दिने सार्वजनिक सचूना प्रकाशन गर्नेछ ।

(ख) तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका वडा भित्रका विद्यालयहरूले समयसीमा भित्र आवश्यक कागजातहरू सहित अनुसुचि १ को ढाँचामा वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

(ग) प्राप्त निवेदनहरूको छानबिन गरी रीतपूवक निवेदन दिने विद्यालयहरूको स्थलगत अनगुमन गरी आवश्यक मापदण्ड पूरा गरेका विद्यालयहरूलाई वडामा एउटा विद्यालय छनौट गरी नमुना विद्यालयको रुपमा विकास गरिनेछ ।

## परिच्छेद-६

## शैक्षिक तथा भौतिक पूर्वाधार निर्माण

८. नमुना विद्यालय विकासका लागि छनौट भएका **बिद्‍यालय का** भौतिक तथा शैक्षिक पूर्वाधार निर्माण देहाय अनुसार गरिनेछः

(क) नमुना विद्यालय संचालनका लागि शिक्षकहरूलाई आवश्यकता अनुसार तहगत तथा विषयगत तालिमको लागि व्यवस्था गरिनेछ ।

(ख) बालमैत्री शिक्षणमा आधारित आधुनिक शिक्षण विधि र प्रविधि सहितको शिक्षणसिकाई क्रियाकलाप संचालन गरिनेछ ।

(ग) शिक्षण सिकाईको लागि आवश्यक पर्ने पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था गरिनेछ ।

(घ) नमुना विद्यालयहरूबीच अनुभवहरूको तथा सीपको आदान प्रदान गर्ने वातावरण तयार गरिनेछ ।

(ङ) नमुना विद्यालय विकासको लागि तोकिएको मापदण्ड अनुसार कक्षाकोठा व्यवस्थापन, खानेपानी, शौचालय, बगैचा, विद्युत, इन्टरनेटसेवा, पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर शिक्षण कक्ष आदि निर्माण तथा व्यवस्थापन गरिनेछ ।

(च) विद्यार्थी,अभिभावक तथा शिक्षक सहितको शैक्षिक अवलोकन र भ्रमणको व्यबस्था गरिनेछ ।

(छ) शैक्षिक गुणस्तर अभिवृद्धिका लागि मासिक परीक्षा संचालन, नतिजा अभिलेखिकरण तथा विश्लेषणको लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

(ज) शिक्षक कर्मचारी तथा विद्यार्थी आचार संहिता निर्माण गरी प्रभावकारी ढंगले लागू गरिनेछ ।

(झ) अतिरिक्त क्रियाकलाप संचालन, सरसफाई जस्ता विषयमा विद्यार्थीहरूलाई अधिकतम परिचालन गरिनेछ ।

(ञ) प्राथमिक उपचारको लागि आवश्यक सामग्रीको व्यवस्था गरिनेछ ।

(ट) नमुना विद्यालयको लागि छनौट भएका विद्यालय तथा अंग्रेजी माध्यममा कक्षा संचालन भएका विद्यालयहरूमा सम्बन्धित विषयमा दक्ष, अनुभवी शिक्षक नियुक्ति गर्न प्राथमिकता दिइनेछ ।

(ठ) विद्यालय संचालन तथा ब्यवस्थापन गर्न को लागी एउटा मुख्य प्रशासकीय भवन हुनेछ,साथै यसै भवनमा प्रा.बि. तहसम्मा को कक्षा सञ्चालनका लागि सुबिधा संपन्न कक्षाकोठा निर्माण गरिनेछ ।

(ड) नमुना विद्यालयमा विद्यार्थी भर्ना गर्दा प्रवेश परीक्षा मार्फत मूल्यांकन गरी सोको आधारमा भर्ना गर्ने ।

**परिच्छेद-७**

**नमुना विद्यालयका सूचक तथा मापदण्डः**

९. नमुना विद्यालयको उपलब्धि मापन गर्न अपनाइने सूचक तथा मापदण्डहरू देहाय अनुसार हुनेछन् ।

(क) नतिजा अभिलेख (प्रथम त्रैमासिक, दोस्रो त्रैमासिक, वार्षिक परीक्षा)

(ख) पाठयोजनाको निर्माण र प्रयोग

(ग) शैक्षिक सामग्रीको निर्माण र प्रयोग

(घ) अंग्रेजी भाषा शिक्षकको भाषा कुशलताको जाँच

(ङ) अंग्रेजी माध्यममा अध्ययन गर्ने विद्यार्थीहरूको अंग्रेजी भाषा **प्रयोग** गर्ने सीपको जाँच

(च) कक्षा कोठा व्यवस्थापन (झ्याल, ढोका, ह्वाइट बोर्ड,बालमैत्री डेक्सबेन्चको अवस्था, कक्षा कोठाको सरसफाई

(छ) छात्र-छात्रा शौचालय तथा वातावरणीय सरसफाई

(ज) खानेपानी, विद्युत, इन्टरनेट, विज्ञान प्रयोगशाला,प्राथमिक उपचारको व्यवस्थापन

(झ) दैनिक कार्यतालिका निर्माण, शिक्षक विद्यार्थी नियमितता, विद्यार्थी तथा शिक्षक पोशाक, अतिरिक्त क्रियाकलापको अभिलेख आदि ।

(ञ) बिद्यालय मा एउटा पुस्तकालय निर्माण गरिनेछा

(ट)बिद्यार्थिहरू को खेलकूद सम्बन्धी सीप विकास गर्न का लागी एउटा Indoor र Outdoor खेल मैदान निर्माण गरिनेछा

(ठ) शिक्षक तथा बिद्यार्थीहरु को लागी स्वच्छ,सफा खाना खाजा को लागी कम्पाउंड भित्र चमेना गृह (Cafeteria) निर्माण गरिनेछ |

(ड) अतिरिक्त Computer कक्षा तथा ICT LAB को लागी छुट्टै कक्षाकोठा को ब्यवस्था |

## परिच्छेद-८

## आर्थिक व्यवस्थापन

१०. नमुना विद्यालयको रुपमा छनौट भएका विद्यालयहरूलाई स्थानीय तहबाट अपुग विषयगत तथा तहगत शिक्षक व्यवस्थापन गर्न मापदण्डका आधारमा अनुदान उपलब्ध गराइनेछ ।

११. दफा (९) बमोजिमका विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण गर्न योजनागत तथा कार्यक्रमगत अनुदान दिइनेछ ।  तर भौतिक तथा शैक्षिक गुणस्तर सुधारको लागि नगद अनुदान उपलब्ध गराइने छैन ।

## परिच्छेद-९

## प्रोत्साहन सुविधा

१२. नमुना विद्यालय विकासको लागि प्रचलित कानून अनुसार नियुक्त प्रधानाध्यापकले थप प्रशासनिक तथा व्यवस्थापकीय जिम्मेवारी वहन गर्नुपर्ने भएकोले कार्य सम्पादन करारका सुचकको आधारमा प्रोत्साहन सुविधा वापत रकम दिन सकिनेछ ।

१३. नमुना विद्यालय विकास कार्यक्रम संचालन भएका विद्यालयहरूमा हरेक पक्षमा नेतृत्वदायी भूमिका निर्वाह गर्न आफ्नो जिम्मेवारी प्रति बढीउतरदायी र जवाफदेही बनाउन कार्य सम्पादन करारका सुचकहरूको आधारमा शिक्षकहरूलाई थप प्रोत्साहन सुविधा दिन सकिनेछ।

## परिच्छेद १०

## शिक्षकसँग कार्यसम्पादन करार

१४. नमुना विद्यालय विकासको लागि छनौट भएका विद्यालयको प्रधानाध्यापकले गाउँपालिकासंग र बिषयगत शिक्षकले

प्रधानाध्यापकसँग सिकाई उपलब्धि वृद्धि गर्न निश्चित प्रक्रिया अपनाई कार्यसम्पादन करार गर्नु पर्नेछ । यसलाई कार्य सम्पादन मूल्याङ्कन तथा प्रोत्साहनको आधार बनाइनेछ । विद्यालयको कार्य सम्पादनमा गत तीन वर्षको तुलनामा पाच प्रतिशत वृद्धि भएमा सम्बन्धित विषय शिक्षकलाई खाइपाई आएको तलब भत्ताको तोकिएको रकम प्रोत्साहन स्वरुप प्रदान गरिनेछ । शैक्षिक उपलब्धि वृद्धि नभइ यथावत रहेमा विषय शिक्षकलाइ सचेत गराइनेछ ।

## परिच्छेद ११

## विविध

१५. विद्यालयले आवश्यकता अनुसार भौतिक पुर्वाधार, शिक्षक व्यबस्थापन, आर्थिक व्यवस्थापन लगायतका विषयमा कार्यविधि बनाई कार्यान्वयन गर्न सक्नेछ ।

१६. यो कार्यविधि जारी हुनुपूर्व तयार भएको नमुना विद्यालय छनौटको आधार, संचालन तथा व्यवस्थापन यसै कार्यविधि बमोजिम नै भए गरेको सरह मानिनेछ ।

१७. तोकिएको मापदण्ड पूरा नगर्ने नमुना विद्यालयहरूलाई नमुना विद्यालयको सूचीबाट हटाइनेछ ।

१८. यो कार्यविधिको दफा तथा उपदफाहरू प्रचलित ऐन कानूनसँग बाझिएको हकमा अमान्य हुनेछ ।

अनुसुचि-१

(दफा ६ सँग सम्बन्धित)

नमुना विद्यालय छनौटको लागि पेश गर्ने आवेदनको ढाँचा

मिति ...........................

श्री वडा अध्यक्ष ज्यू,
.........नं वडाको कार्यालय, यशोधरा गाउँपालिका, कपिलवस्तु ।

विषय : नमुना विद्यालय छनौट सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ वडा कार्यालयको मिति .................................. मा प्रकाशित सूचना अनुसार शैक्षिक सत्र ..................... देखि विद्यालयले आधारभूत तह नमुना विद्लय छनौट विकास तथा संचालन कार्यविधि, २०८१ मा तोकिएको न्युनतम शर्तहरु पुरा गरेकोले नमुना विद्यालयको रुपमा छनौट हुन देहाय अनुसारका विवरण सहित निवेदन पेश गरिएको छ ।

१. विद्यालयको नाम :
२. ठेगाना :
३. सम्पर्क नं :

संलग्न कागजातहरु

१. नमुना विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि सम्बन्धि प्रस्ताव
२. वडा कार्यालयको सिफारिस
३. अन्तिम आर्थिक बर्षको सामाजिक परीक्षण तथा लेखा परीक्षण प्रतिवेदन
४. विद्यालयको नाममा रहेको जग्गाको लालपुर्जा
५. भौतिकपूर्वाधको अवस्था खुल्ने विवरण
६. विद्यार्थी तथा शिक्षक विवरण
७. विद्यालय व्यवस्थापन समितिको निर्णय